## राष्ट्रिय तथ्याङ्क कार्यालय र नेपाल चेम्बर अफ कमर्स (NCC) बीच भएको आर्थिक तथा व्यावसायिक क्षेत्रका तथ्याङ्क विकास र व्यवस्थापन सम्बन्धमा गरिएको समझदारी पत्र

### प्रेस विज्ञप्ति

काठमाडौं, ५ जेठ।

राष्ट्रिय तथ्याङ्क कार्यालय र नेपाल चेम्बर अफ कमर्स बीच राष्ट्रिय आर्थिक गणना, २०८२ र अन्य आर्थिक एवम् व्यावसायिक क्षेत्रका तथ्याङ्क सङ्कलन, प्रशोधन र विश्लेषण लगायतका कार्यको गुणस्तर र विश्वसनीयता अभिवृद्धि गर्ने कार्यलाई मूर्त रूप दिन महत्वपूर्ण समझदारी पत्र (MoU) मा हस्ताक्षर सम्पन्न भएको छ।

राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी डा. कमल प्रसाद पोखेल र नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष श्री कमलेश कुमार अग्रवालको समुपस्थितिमा सम्पन्न गरिएको यस सम्झौता हस्ताक्षर कार्यक्रममा राष्ट्रिय तथ्याङ्क कार्यालयको तर्फबाट उप-प्रमुख तथ्याङ्क अधिकारी श्री ढुण्डीराज लामिछाने र नेपाल चेम्बर अफ कमर्सको तर्फबाट महानिर्देशक श्री देवेन्द्र लामिछानेले हस्ताक्षर गर्नुभएको थियो।

आर्थिक एवम् व्यावसायिक क्षेत्रका तथ्याङ्क विकास र व्यवस्थापन तथा हाल मुलुकको आर्थिक विकासका लागि विश्वसनीय तथ्याङ्कको आधार तयार गर्न सञ्चालन भैरहेको राष्ट्रिय आर्थिक गणना, २०८२ मा निजी क्षेत्रको सक्रिय सहभागिता, आर्थिक सूचकको तयारी तथा विश्लेषण, कर्मचारी क्षमता विकास, वित्तीय तथ्याङ्क साक्षरता अभिवृद्धिमा आपसी सहयोग आदान प्रदान गर्नु तथा गुणस्तरीय तथ्याङ्क सुनिश्चित गर्नु यस समझदारीको मुख्य उद्देश्य रहेको छ। यो सम्झौताले देशव्यापी रूपमा रहेका सबै उद्यमी र व्यवसायीहरूलाई आ-आफ्नो सञ्जाल मार्फत राष्ट्रिय राष्ट्रिय आर्थिक गणना, २०८२ तथा अन्य आर्थिक तथ्याङ्कको महत्त्वबारे सुसूचित गराउँदै सही र पूर्ण तथ्याङ्क उपलब्ध गराउन र सोही अनुसार यसको उपयोगको लागि प्रोत्साहन गर्न सहयोग पुग्ने विश्वास लिइएको छ। मूल रूपमा तपशिलका कार्यक्षेत्रमा आगामी पाँच वर्षसम्मका लागि सहकार्य गर्ने गरी सम्झौता गरिएको थियो।

- राष्ट्रिय आर्थिक गणना, २०८२ को तथ्याङ्क सङ्कलन र विश्लेषणमा सहकार्य गर्ने,
- राष्ट्रिय आर्थिक गणना, २०८२ को प्रचार-प्रसारमा सहयोग र समन्वय गर्ने,
- राष्ट्रिय लेखा तयारीमा प्रयोग हुने आर्थिक तथ्याङ्कका बारेमा उद्यमी/व्यवसायी र आर्थिक पत्रकारहरू बीच साक्षरता कार्यक्रम सञ्चालन गर्ने,
- आर्थिक तथा व्यावसयिक क्षेत्रका तथ्याङ्कलाई स्वचालित प्रणालीमा आधारित गुणस्तरीय र विश्वसनीय बनाउन सहकार्य गर्ने
- राष्ट्रिय आर्थिक गणना तथा अन्य आर्थिक सर्वेक्षणबाट प्राप्त तथ्याङ्कको विश्लेषण, प्रतिवेदन निर्माण, अध्ययन, अनुसन्धान र सार्वजनिक कार्यमा सहकार्य गर्ने।

उक्त सम्झौता हस्ताक्षर कार्यक्रममा बोल्दै राष्ट्रिय तथ्याङ्क कार्यालयका प्रमुख तथ्याङ्क अधिकारी कमलप्रसाद पोखरेलले राष्ट्रिय आर्थिक गणना २०८२ अन्तर्गत हालसम्म ८ लाख ३१ हजारभन्दा बढी आर्थिक प्रतिष्ठानहरूको गणना सम्पन्न भएको जानकारी दिनुभयो । उहाँले २०७५ सालको पहिलो आर्थिक गणनामा ९ लाख २३ हजार

CamScanner

प्रतिष्ठान समेटिएको स्मरण गर्दै यसपटक करिब १४ लाख प्रतिष्ठान समेट्ने लक्ष्य रहेको बताउनुभयो। त्यसैगरी, कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेश कुमार अग्रवालले राष्ट्रिय आर्थिक गणना राष्ट्रको आर्थिक ऐना भएको उल्लेख गर्दै विश्वसनीय तथ्याङ्क विना दीर्घकालीन आर्थिक योजना प्रभावकारी बन्न नसक्ने बताउनुभयो । उहाँले बदलिँदो आर्थिक संरचना, अनौपचारिक क्षेत्रको आकार, लगानी प्रवृत्ति, रोजगारीको अवस्था तथा सेवा, पर्यटन, सूचना प्रविधि र नवप्रवर्तनमुखी व्यवसायहरूको यथार्थ चित्रणका लागि अद्यावधिक तथ्याङ्क अत्यावश्यक रहेको धारणा राखुभयो। अध्यक्ष अग्रवालले तथ्यमा आधारित नीति मात्र दीर्घकालीन रूपमा सफल हुने उल्लेख गर्दै आर्थिक गणनाले अनौपचारिक क्षेत्रलाई औपचारिक अर्थतन्त्रमा रूपान्तरण गर्न आधार तयार पार्ने विश्वास व्यक्त गर्नुभयो। उहाँले व्यवसायीहरूले उपलब्ध गराउने विवरण गोप्य रहने र तथ्याङ्कीय प्रयोजनबाहेक अन्यत्र प्रयोग नहुने विषयमा विश्वासको वातावरण निर्माण गर्न आवश्यक रहेको बताउनुभयो।

यसै अवसरमा नेपाल चेम्बर अफ कमर्सले आफ्ना देशव्यापी सञ्जालमार्फत उद्योगी-व्यवसायीहरूलाई आर्थिक गणनामा सक्रिय सहभागिताका लागि आग्रह गर्ने, सही तथ्याङ्क उपलब्ध गराउन प्रोत्साहित गर्ने तथा आर्थिक गणनाको महत्त्वबारे जनचेतना फैलाउने प्रतिबद्धता जनाएको छ।

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
राष्ट्रिय तथ्याङ्क कार्यालय

प्रवक्ताः
ढुण्डीराज लामिछाने
उपप्रमुख तथ्याङ्क अधिकारी
राष्ट्रिय तथ्याङ्क कार्यालय, काठमाडौं

थप जानकारीको लागिः
टोल फ्री नम्बरः ११७८

CS CamScanner